जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १७३ २०७७ साल माघ २६ गते सोमबार (8 Feb. 2021 Monday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारवाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : आखिर डाक्टर ... ३ पृष्ठमा : जग्गाधनी पुर्जा वितरणमा ... ३ पृष्ठमा : म्यान्मारमा सेनाविरुद्ध ...

# विघटनबिरुद्ध जसपाद्वारा प्रदर्शन

## प्रधानमन्त्रीको पुतला दहन



**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

जनता समाजवादी पार्टी नेपाल सप्तरीले प्रधानमन्त्री केपी शर्मा ओलीको असंबैधानिक निर्णयविरुद्ध आइतबार राजविराजमा प्रदर्शन गर्दै प्रधानमन्त्रीको पुतला दहन गरेको छ ।

जसपा सप्तरीका अध्यक्ष केदार प्रसाद यादवको नेतृत्वमा राजविराजस्थित शिव मन्दिरबाट निस्केको बिरोध जुलुश बजार परिक्रमा गर्दै स्थानिय नेता चौकमा प्रधानमन्त्रीको पुतला दहन गरेको हो ।

पुतला दहन पश्चात् आयोजित बिरोध सभामा वक्ताहरुले प्रधानमन्त्रीको असंबैधानिक कदम अलोकतान्त्रिक भएको भन्दै सो कदम नसच्याए आन्दोलनबाटै संसद पुर्नवहाली गर्ने चेतावनी दिएका छन् ।

बिरोधसभामा राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, पार्टीका केन्द्रिय सदस्य रेणु यादव, केन्द्रीय कार्यकारणी समिति सदस्य केशव झा लगायतले बोलेका थिए ।

जसपा नेता रामप्रित यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा नगर समिति अध्यक्ष अमरनाथ झा, रमिला साह, रंजित यादब, गुडु सिँह, लक्ष्मण यादब लगायतले संविधान तथा लोकतन्त्रको मर्यादा विपरित हैकमवादी शैलीमा प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा विघटन गरी देश र जनताको इच्छा विपरित नयाँ निर्वाचनमा गर्न खोजिएको भन्दै बिरोध जनाएका थिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गत पुस ५ गते प्रतिनिधिसभा विघटन गरेपछि उक्त असंबैधानिक कदम अलोकतान्त्रिक र प्रतिगामी भन्दै जसपाले चरणबद्ध रुपमा आन्दोलन गर्दै आएको छ ।

# भरुवा बन्दुकसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

सप्तरी प्रहरीले जिल्लाको शम्भुनाथ नगरपालिकाबाट आइतबार बिहान हतियारसहित दुई जना यूवकलाई पक्राउ गरेको छ ।

गस्तीमा गएको प्रहरी टोलीले एक नाले भरुवा बन्दुकसहित शम्भुनाथ नगरपालिका २ भलुवाही निवासी २५ वर्षिय रामपुकार

*बाँकी अन्तिम पृष्ठमा*

# नवनियुक्त मिडिया काउन्सिल र संचार प्राधिकरणका अध्यक्षद्वय सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले प्रदेश २ का नवनियुक्त मिडिया काउन्सिलका अध्यक्ष शिवहरी प्रसाद भट्टराई र संचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवलाई आइतबार एक कार्यक्रमबीच सम्मान गरेको छ ।

शाखाका अध्यक्ष जितेन्द्र खडगाको अध्यक्षता तथा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा दुबै जनालाई सम्मान गरिएको हो ।

शाखाका अध्यक्ष जितेन्द्र खडगाले सप्तरीका समग्र पत्रकारहरुले गरेको योगदानको कदर गरेकोमा प्रदेश सरकारप्रति आभार व्यक्त गरे ।

सो अवसरमा महासंघका उपाध्यक्ष सुधा देव, महासंघ प्रदेश समितिका सचिव रामनारायण विश्वास, प्रदेश सदस्य ललिता साह, पूर्व अध्यक्ष धिरेन्द्र प्रसाद साह, धनुषका पत्रकार श्यामसुन्दर शशी लगायत संचार माध्यममा कार्यरत संचारकर्मीहरुको उपस्थिती रहेको थियो ।

सम्मानित हुने भट्टराई महासंघका संस्थापक अध्यक्ष हुन् भने यादव महासंघ सप्तरीको उपाध्यक्ष हुन् । भट्टराई र यादवलाई विहिवार प्रदेस सरकारले मिडिया काउन्सिल र संचार प्राधिकरणको अध्यक्ष पदमा नियुक्त गरेको हो ।



## सम्पादकीय

# विकासका लागि स्थानियहरुले नै अग्रसरता देखाउनुपर्छ

सप्तरी अहिले पनि विकासको क्षेत्रमा निकै पछाडी परेको जिल्ला हो । विकासमा पछाडी रहे पनि यस जिल्लाबाट भने प्राविधिक क्षेत्रका लागि मुलुकमै निकै जनशक्ति उत्पादन गर्ने जिल्ला पनि हो । यस जिल्लाका डाक्टर, इन्जिनियर, ओभरसियर लगायतका जनशक्ति मुलुकको विभिन्न क्षेत्रमा कार्यरत छन् । यस बाहेक शिक्षण पेशाका व्यक्तिहरुसमेत मुलुकको हिमाली, पहाडी जिल्लामा कार्यरत छन् । मुलुकको न्यायिक क्षेत्र तथा राष्ट्रिय राजनीतिमा समेत चर्चित राजनीतिज्ञलाई जन्म दिएको यही जिल्ला हो ।

तर, विडम्बना राष्ट्रलाई प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान दिँदै आएको सप्तरी जिल्लाको विकासप्रति हालसम्म कसैले ध्यान दिन सकेको छैन् । मुलुक चलाउन निर्माण हुने सरकारमा सप्तरीबाट पनि पटक पटक मन्त्री भएकै हुनछन् । तर, मन्त्रि हुनेहरुले जिल्लाको विकासप्रति खासै चासो दिएको अवस्था छैन् । यस बाहेक सरकारको अन्य निकाय, आयोगहरुमा समेत यस जिल्लाबाट प्रतिनिधित्व समेत गरेका छन् ।

मुलुकको माथिल्लो निकायदेखी तल्लो निकायसम्म सप्तरीवासीको पहुँच हुँदा हुँदै पनि जिल्लाको विकास नहुनुमा दोषि को ? भन्ने अहिले सम्पूर्ण जिल्लावासी प्रश्न गर्ने गरेका छन् । जिल्लाको विकासका लागि अन्य स्थानबाट नआएर यहाँकै स्थानियहरुका प्रयासबाट हुने कुरामा दुइमत नहोला । तसर्थ जिल्लाको विकासका लागि जिल्लावासीले जहाँ रहेपनि आ-आफ्नै स्थानबाट थोरै भए पनि सहयोग गर्नु पर्ने अवस्था रहेको छ । होइन् भने जिल्ला विकासको पहुँचबाट भविष्यमा निकै टाढा रहने कुरा सबैले मनन् गर्नु पर्ने हुन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आखिर डाक्टर बनेर के हुन्छ ?

**डा बुद्धिनाथ साह 'संजित'**

हालसालै सार्वजनिक भएको कक्षा १२ को परिणामबाट उत्तीर्ण भएका अधिकतम विद्यार्थी तथा तिनीहरुका अभिभावक मेडिकल शिक्षाको यथार्थ, समस्या अनि चुनौतीको बारेमा राम्ररी नबुझिकनै एमबिबिएस जस्तो जटिल कोर्षको यात्रामा होमिएको अवस्था छ ।

अब विस्तारै त्यस्ता वर्गका भीडहरु मेडिकल प्रवेश परीक्षाको कोचिङ गराउने संस्थाको अगाडि देखिन थाल्ने छन् । किनकी, अहिले पनि समाजमा विज्ञान संकाय अनि विशेषगरी बायोलोजी लिएर प्लस टु पढेपछि डाक्टर नै बन्नुपर्छ भन्ने होडबाजी र रहर लहर यथावत नै छ ।

यस्तो अवस्थामा दुई प्रमुख प्रश्नको बारेमा चर्चा गर्दै डाक्टर बन्न चाहना राख्नेहरु राम्ररी कुरा बुझेर मात्र एमबिबिएस कोर्षको तयारीमा लागून् भन्ने यो लेखको प्रमुख उद्देश्य रहेको छ । यस्ता छन् यी दुई प्रश्न आखिर डाक्टर बनेर के हुन्छ ? र कस्ता विद्यार्थीले एमबिबिएस कोर्स पढ्दा राम्रो हुन्छ ?

डाक्टर बन्ने र बनाउने लक्ष्यको पछाडि केही निहित उद्देश्य छन् । पहिलो, समाजमा डाक्टर ( चिकित्सक)ले पाउने मानसम्मान नै हो । दोस्रो, राम्रो चिकित्सकको नेपालमै आकर्षक आम्दानी अनि समाजिक सुरक्षा छ भन्ने धारणा । तेस्रो, सन्तान डाक्टर बनाउनुमा आफ्नो सामाजिक सान ठान्ने अभिभावकको प्रवृत्ति । चौथो कारण कसैकसैको साँच्चिकै समाजको स्वास्थ्य क्षेत्रमा योगदान दिने चाहना ।

पाचौं, जसले पारामेडिकल लगायतको यससँग विभिन्न सम्बन्धित कोर्ष नै पढेर करिअर सुरु गरे, तर अब डाक्टर बन्न चाहन्छन् । छैटौं अनि प्रमुख कारण भनेको एमबिबिएस पढ्नुको यथार्थ चुनौतीको बारेमा ज्ञात नहुनु अनि यस विषय बाहेक अरु विषयको सम्भावनाको बारेमा उचित ज्ञान ध्यान नपुग्नु ।

चिकित्सकले समाजमा इज्जत पाउने, राम्रो कमाउने अनि सामाजिक सुरक्षा पाउने गरेको कुरालाई केलाउँदा ठूलो प्रश्न उठ्छ, आखिर समाजमा इज्जत कसले कसलाई र केको आधारमा दिने ?

अहिले समाजमा धेरैजसोका परिवार वा नातेदारमा चिकित्सक भइसकेका वा बन्दै गरेका छन् । बाँकीमा कसरी सन्तानलाई डाक्टर बनाउने भन्ने लहर देखिन्छ । जुन कुरा धेरै मात्रा र संख्यामा हुन्छन्, त्यस्ता वस्तु व्यक्तिको मूल्य र इज्जत समाजमा घटनु स्वभाभिक नै हुन्छ ।

साथै दिनदिनै चिकित्सक तथा स्वास्थ्यकर्मीहरुमाथि अस्पतालमै कुटपिट हुलहुज्जत भएका घटना घटिरहेका छन् । त्यस्ता समाचार आइरहँदा डाक्टरको लगानी, त्याग मिहिनेतको कदर र सम्मान कता पुग्छ? त्यसबारेमा पनि एकछिन सोच्नु जरुरी छ ।

सामजिक सुरक्षा र इज्जतको कुरा गर्नु पर्दा कोरोनाकालमा चिकित्सक र स्वास्थ्यकर्मीप्रति गरिएको सामाजिक अपहेलना, दुर्व्यहार अनि सरकारको तर्फबाट गरिएका व्यवस्थाहरु केलाउँदा यथार्थको चित्रण राम्ररी हुनेछ ।

अहिले पनि कोरोनाकालमा काम गरेबापत पाउनुपर्ने जोखिम भत्ता र तलब सुविधाहरु नपाएर आन्दोलनमा उत्रिनु पर्ने बाध्यात्मक अवस्था छ । हजारौं चिकित्सकहरु अहिले पनि एमडी पोस्ट ग्र्याजुएटको उचित अवसर नपाएर अनि अस्पतालमा काम गर्दा उचित तलब सुविधा नपाएर एमबिबिएस किन पढें भनेर पछुताउँदै जीवनयापनका लागि संघर्ष गर्दै छन् ।

१२ वर्षभन्दा बढीको वनवासको रूपमा डाक्टरको मेडिकल करिअरलाई सजिलै चित्रण गर्न सकिन्छ । प्लस टु पास गरेपछिको २ वर्षको प्रवेश परीक्षाको तयारीपछि कम्तीमा ६ वर्ष जति लाग्ने एमबिबिएसको पढाइ । त्यसपछि कम्तीमा २ वर्षको एमडीको तयारी अनि त्यसपछिको ३ वर्षको एमडीको पढाइ गर्दागर्दै १२/१३ वर्ष कम्तीमा लाग्ने देखिन्छ ।

एमबिबिएस पास गरेपछिको अर्को समस्या भनेको उचित सोच/विचार र तयारीबिना एमबिबिएस पढेकालाई अहिलेको स्पेसिअलाइजेसनको जमानामा एमडी गर्नैपर्ने बाध्यात्मक अवस्था हो । छात्रवृत्तिमा एमबिबिएस पढेको भए त ठिकै छ नत्र नेपालजस्तो देशको मध्यमवर्गीय परिवारले आफ्नो सम्पूर्ण सामर्थ्य, धन/जमिन त यही लेभलमै लगानी गरिसकेको हुन्छ ।

उसलाई जसरी पनि एमडी पढ्नैपर्ने दबाब, चुनौती र बाध्यता आइपर्छ । त्यसमाथि एमडीको सिट थोरै हुने र विभिन्न सीमित संख्याका सरकारी चिकित्सकलाई ४० प्रतिशतसम्म आरक्षण अनि प्राथमिकता हुनुले झन् मेडिकल करिअर कष्टपूर्ण बन्दै जान्छ ।

करोडको लगानी लगाएर, आफ्नो ऊर्जाशील जवानी पढाइ र परीक्षामा बिताएकाहरुसँग हामीले सेवाभावको आशा कसरी गर्ने ? स्वास्थ्य सेवा हो तर यसका लागि लगाएको लगानीको प्रतिफल जो कसैले अवश्य खोज्छ ।

पैसा कमाउने मुख्य उद्देश्य लिएर यो एमबिबिएसको तपस्या क्षेत्रमा आउन लागेको महत्वाकांक्षी विद्यार्थीले लाखौं-लाखको लगानी कहिले र कसरी उठाउने ? लाखौँको ऋृणमा डुबेको एउटा चिकित्सकले सेवामुखी, समाजसेवी र आदर्शवान बन्दा आफ्नो गुजारा कसरी चलाउने ? सिधै सोध्न मन लाग्छ, मेडिकल माफियाहरुले धेरै चिकित्सकरूपी ब्यापारी र मानव अंगको तस्कर तयार पार्न त खोजिरहेका त छैनन् ?

आफूसँगै स्कुल पढेका साथीहरु अरु नै क्षेत्रतिर लागेर जागिर समेत गरिसक्दा मेडिकल विद्यार्थीहरु पढाइमा घोटिएका हुन्छन् । साथीहरुको जीवन रमाइलोतर्फ उन्मुख भएको देख्दा मेडिकल विद्यार्थीमा झन् ठूलो डाहा, चिन्ता, निराशा र आत्मविश्वासमा ह्रास आएको देखिन्छ ।

लाखौँ लगानी गरेर एमबिबिएस कोर्स पास गर्दा पनि उनीहरुको सपना पूरा हुँदैन । किनभने अहिलेको अवस्थामा यो डाक्टर लेख्न मात्रै काफी छ, बन्न होइन ।

उचित निरीक्षण र नीति-नियमको अभावका कारण एमबिबिएसले पारामेडिकलहरुसँग नोकरी र इज्जतका लागि कम्पिटिसन गर्नुपरेको यथार्थ छ । यस्तो प्रवृत्तिलाई बढावा दिने काम अस्पताल र मेडिकल क्षेत्रमा पाइन्छ ।

मेडिकल काउन्सिलको अनुगमनको बेला विभिन्न ढाकछोप गर्दै, प्रलोभन दिएर, लेनदेन गरेर, फर्जी बिरामी र भाडामा ल्याएका शिक्षक देखाउँदै अनुबन्धन लिएका मेडिकल कलेजले गुणस्तर र क्षमतावान चिकित्सक उत्पादन गरिरहेका कुरामा कति विश्वस्त हुन सकिन्छ ?

कलेजका सेयरधनीहरु बीचको आपसी कलह र आर्थिक संकटका कारणले नेपालका विभिन्न कलेजमा विगतमा पठनपाठन अवरुद्ध भएको दुखद अवस्था छ । अनि कतिपय मेडिकल कलेजले एमबिबिएसका विद्यार्थीसँग भर्ना गर्ने बेलामा भनिएको भन्दा बढी पैसा असुल्ने गरेको अनि मानसिक आर्थिक तनाव दिने तथा परीक्षामा बस्न नदिने कुरा सार्वजनिक नै छ ।

बिरामीसँगको सहकार्यमा सिक्नुपर्ने परीक्षण गर्ने कला, मेडिकल किताबहरु पढी मानव शरीरको रहस्य पत्ता लागाउने र ज्ञानआर्जन गर्नुपर्ने समयमा काठमाडौँमा आएर विभिन्न निकायहरुमा धाउनु परेको अथवा आन्दोलन गर्नुपरेको दुखद समाचार यथार्थ सबैलाई अवगत नै होला ।

यसकारण पनि अभिभावकहरुले सन्तानलाई डाक्टर पढाउनुअघि मेडिकल कलेजका बारेमा आउने गरेका समाचार राम्ररी बुझ्न र केलाउन जरुरी देखिन्छ । एमबिबिएसप्रति आम मानिसको झुकावलाई देखेर फाइदामुखी डिपार्टमेन्टल स्टोर जस्तै गरी मेडिकल कलेज खोल्नेहरुको बाहुल्यता छ ।

जसले न दक्ष जनशक्ति उत्पादन गर्न चाहन्छन्, न स्वास्थ्यमा योगदान गर्न चाहन्छन् । कमाउने एउटा धन्दाका रुपमा लिनेहरुका कारण धेरैको सपना र लगानी डुबिरहेको छ । संख्याको आधारमा एमबिबिएसमा भर्ना लिने गरेको देखिन्छ ।

छात्रवृत्तिको सिट भन्दा ६-७ गुणा बढी डोनेसनको आधारमा भर्ना लिँदा मध्यमवर्गीय परिवार घरबार बेचेर डाक्टर बनाउन लालयित छन् । औसत क्षमता भएको विद्यार्थी पनि यो क्षेत्रमा लहलहै र जोसमै प्रवेश गरेको देखिन्छ ।

यो लेखको उद्देश्य जनमानसमा एमबिबिएस कोर्षप्रति वितृष्णा जगाउने वा हतोत्साहित गर्नु होइन । यथार्थमा मेडिकल क्षेत्रमा अवसर र चिकित्सकलाई सम्मान यथावतै छ । हजारौँ बिरामीको अनुपातमा एउटा डाक्टर पु¥याउन अझै धेरै चिकित्सक आवश्यक पनि छन् ।

केन्द्रको अस्पतालमा मात्र बस्ने, गाउँ र बिकट क्षेत्रमा सेवा दिन जान हिच्किचाउने प्रवृत्तिमा सुधार ल्याउनु जरूरी छ । सरकारी तथा प्राइभेट जागिरमा तलब र सुविधामा पुनर्विचार गरी उचित मूल्यांकन गर्नुपर्ने देखिन्छ ।

डा गोविन्द केसीको विभिन्न चरणको सत्याग्रह अनि आन्दोलनको फलस्वरुप चिकित्सा क्षेत्रमा धेरै सुधार आए पनि अझै धेरै परिवर्त आवश्यक देखिन्छ । छात्रवृत्तिको सिट वृद्धिदेखि मेडिकल कलेजमा पढाउन लाग्ने खर्च र गुणस्तरमा एकरूपता ल्याउन जरूरी देखिन्छ ।

विभिन्न समयमा स्वास्थ्यकर्मीले उठाउँदै आएको मुद्दा 'जेल विदाउट बैल' को लागि उचित नियम/कानुन यथाशीघ्र ल्याउन सकेमा मात्र चिकित्सक अनि स्वास्थ्यकर्मीहरुले सुरक्षित र निर्भिक भएर स्वास्थ्य सेवा दिन सक्छन् । भीडतन्त्रको बलमा गरिने दुर्व्यवहार रोकिन जान्छ अनि थप नयाँ जनशक्ति यो मेडिकल पेसाप्रति आकर्षित अनि प्रोत्साहित हुन सक्छन् । स्वास्थ्य खबरबाट

सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# जग्गाधनी पुर्जा वितरणमा बदमासी भए कारवाही

काठमाडौँ, २५ माघ (रासस) ।

भूमि व्यवस्था, सहकारी तथा गरिबिनिवारण मन्त्री डा शिवमाया तुम्बाहाङ्फेले भूमिहीनलाई जग्गाधनी पुर्जा वितरणमा बदमासी भए कारवाही गरिने चेतावनी दिनुभएको छ ।

मन्त्री तुम्बाहाङफेले भन्नुभयो "एक इन्च पनि तलमाथि भए दोषीलाई कारबाही हुन्छ ।" भूमि समस्या समाधान आयोगका जिल्ला समिति अध्यक्ष तथा सदस्यलाई शनिबार यहाँ निर्देशन दिँदै मन्त्री तुम्बाहाङ्फेले कानूनभन्दा बाहिर गएर काम कारबाही नगर्न निर्देशन दिनुभयो ।

"तपाईंहरूले निश्चित अधिकारमात्रै दिइएको छ", उहाँको भनाइ थियो, "ऐन विपरीत जानुभयो भने कानूनी दायराभित्र आउनुपर्छ । एक इन्च बाहिर जानुभयो भने कारबाही हुन्छ", उहाँले भन्नुभयो । मन्त्री तुम्बाहाङ्फेले भूमिहीनलाई जग्गा वितरण गर्दा बिचौलिया सक्रिय रहनेतर्फ सचेत गराउँदै त्यस्ता व्यक्ति र समूहबाट टाढै रहन निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, "पुर्जा दिलाइदिन्छु भनेर पैसा लिएर तपाईंहरूलाई प्रभावित बनाउने समूह आउँछ", उहाँको स्पष्ट भनाइ थियो, "यही बेला हो सम्पत्ति जोड्छु भन्ने लागेको छ भने मनबाट हटाइदिनुहोला ।" आयोगका पदाधिकारी नै सर्वेसर्वा नभएको बताउँदै मन्त्री तुम्बाहाङ्फेले आफ्नो निश्चित अधिकारमात्रै रहेको मनन गर्न र ऐनले तोकेको कार्यमात्रै गर्न आग्रह गर्नुभयो ।

सरकारले गत सातामात्रै ७७ वटै जिल्लामा अध्यक्षसहित विज्ञ सदस्य र सदस्य गरी तीन-तीन जना नियुक्त गरेको थियो । कूल २३१ जना पदाधिकारीमा २५ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ । मन्त्री तुम्बाहाङ्फेले आयोग निर्माणमा सकभर महिलासहित जातीय क्लस्टर मिलाउने अधिकतम प्रयास गरिएको जानकारी दिनुभयो ।

मन्त्रालयका सचिव टेकनारायण पाण्डेले विगतका आयोगले पूरा गर्न नसकेको जिम्मेवारीसमेत यस आयोगको काँधमा रहेको उल्लेख गर्दै जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । आयोगको कामले सरकारको छवी देखिने भएकाले बिचौलिया र दलालबाट हुने चलखेलप्रति सचेत रहन अपिल गर्नुभयो ।

कार्यक्रममा आयोगका केन्द्रीय अध्यक्ष देवीप्रसाद ज्ञवाली, सदस्य भीम कार्कीलगायतले आफूमाथि कूल नौ लाखभन्दा बढीलाई जग्गाको लालपुर्जाको स्वामित्व दिने दायित्व रहेकाले जिम्मेवारीपूर्वक काम गर्ने प्रतिवद्धता जनाउनुभयो ।

# सर्लाहीमा साढे ६ हजारलाई खोप

सर्लाही, २५ माघ (रासस) ।

सर्लाहीमा कोरोना भाइरसविरुद्धको खोपको पहिलो चरणको अभियान शनिबार सकिएको छ । जिल्लामा पहिलो चरणमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कार्यालय सहयोगी तथा सरसफाइकर्मी, महिला स्वयंसेविका, एम्बुलेन्स चालक, शववाहन चालकलगायतलाई खोप लगाइएको जिल्ला जनस्वास्थ्य कार्यालय मलङ्गवाले जनाएको छ ।

अभियानअन्तर्गत पहिलो चरणको १० दिनमा अग्रपङ्क्तिमा खटिने सबैलाई खोप लगाउने तय गरिए पनि शनिबार थप एक दिन समय थपिएको जिल्ला जनस्वास्थ्य कार्यालय मलङ्गवाले जनाएको छ । जिल्लामा अभियानअन्तर्गत पहिलो चरणमा दुई हजार ९७६ ले खोप लगाएका छन् । जिल्ला जनस्वास्थ्य कार्यालयको अनुमानित तथ्याङ्कअनुसार जिल्लास्थित २० वटै स्थानीय निकायमा अग्रपङ्क्तिमा काम गर्ने झण्डै छ हजार ६३९ रहेका जिल्ला जनस्वास्थ्य कार्यालय मलङ्गवाले जनाएको छ ।

लक्ष्यअनुसार खोप अभियानको पहिलो चरण सफल भएको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रशासक श्रवण नायकले बताउनुभयो । जिल्लाबाट कोरोनाविरुद्धको सात हजार डोज खोप माग गरिएकामा पाँच हजार ३०० डोजमात्र प्राप्त भएको थियो । अब आउने लिखित निर्देशनअनुसार बाँकी रहेको खोपलाई सर्लाहीमै भण्डारण गरेर राख्ने वा केन्द्रलाई फिर्ता पठाउने भन्ने निर्णय गरिने उहाँले बताउनुभयो ।

सर्लाहीमा अहिलेसम्म खोप लगाएका कोहीमा कुनै पनि किसिमको स्वास्थ्य समस्या नदेखिएको जनस्वास्थ्य प्रशासक नायकले बताउनुभयो । पहिलो डोज खोप लगाएका व्यक्तिले अब २८ दिनपछि फेरि दोस्रो डोज लगाउनुपर्ने छ । अघिल्लो बुधबार अर्थात् यही माघ १४ गतेबाट सर्लाहीसहित देशभर शुरु गरिएको पहिलो चरणको अभियान शनिबार अन्त्य भएको हो ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टंन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

# म्यान्मारमा सेनाविरुद्ध दिनहुँ हजारौँको प्रदर्शन

याङ्गुन, २५ माघ (रासस/एपी) ।

म्यान्मारको सेनाले गत सोमबार गरेको 'कू'को विरोधमा आइतबार पनि हजारौं मानिस सडकमा उत्रिएका छन् । आम नागरिकले सेनाले चालेको अप्रजातान्त्रिक कदमको विरोधमा ठूलो सङ्ख्यामा दैनिक सडकमा प्रदर्शनमा निस्किन थालेपछि सैनिक नेतृत्वले इन्टरनेट बन्द गरिदिएको छ ।

प्रदर्शनकारीले म्यान्मारकी प्रजातन्त्रवादी नेतृ आङ सान सुकी र राष्ट्रपति विन मिन्टको विनाशर्त रिहाइ गर्न माग गरेका छन् । म्यान्मारको सबैभन्दा ठूलो शहर याङ्गुनस्थित याङ्गुन विश्वविद्यालय नजिक २००० भन्दा बढी श्रम सङ्गठन र विद्यार्थीसमेत सहभागी भएर सेनाको कदमको विरोध गरेका थिए ।

नेतृ सुकी र राष्ट्रपति मिन्टसहित दर्जनौं नेता तथा कार्यकर्तालाई सेनाले नजरबन्दमा राखेको छ । प्रदर्शनकारीलाई विश्वविद्यालयको मुलढोका बाहिर निस्कन नदिन दङ्गा प्रहरीले कडा पहरा दिएका थिए । पानीको फोहोरा फाल्ने दुई वटा ट्रकसमेत तैनाथ गरिएको थियो । आइतबार सेनाले इन्टरनेटमा करिब पूर्णअवरोध गरेको थियो जसका कारण ट्विटर र इन्स्टाग्रामसहित फेसबुक बन्द भएका छन् ।

म्यानमारमा सेनाले निर्वाचित संसद्लाई जिम्मेवारी दिने दिनमा नै लिइएको सैन्य कदमले देश अशान्त बनेको छ । दङ्गा प्रहरीले याङ्गुनलगायतका सहरको मुख्य भागमा चोक तथा सडकमा धरपकड बढाएको छ ।

"हामीसैन्य तानाशाहबाट देश र जनतालाई स्वतन्त्र पार्न र आगामी पुस्ताको अधिकारका निम्ति लड्न आएका छौं ।" त्यालीका एक महिला सहभागीले बताए । म्यान्मार अप्रजातान्त्रिक सोचलाई सदाका लागि अन्त्य गरी दीर्घकालीन शान्ति तथा सुव्यवस्था कायम गर्न सडकमा आएका एक प्रदर्शनकारीले बताए ।

म्यान्मारस्थित अमेरिकी दुतावासले सेनालाई सत्ता परित्याग गर्न र प्रजातान्त्रिक तरिकाबाट निर्वाचित सरकारलाई पुनर्वहाली गर्न तथा नजरबन्दमा रहेका नेता तथा कार्यकर्तालाई रिहा गर्न, दूरसञ्चार अवरोध हटाउन तथा हिंसाको प्रयोगलाई निरुत्साहन गर्न आग्रह गरेको छ ।

दुतावासले ट्वीट गर्दै म्यान्मारका जनताको प्रजातान्त्रिक ढङ्गबाट चुनिएको आफ्नो सरकारको पक्षमा शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने अधिकारको पक्षमा अमेरिका सदैव खडा हुने जनाएको छ । शुक्रबार अनलाइन बैठक गर्दै सुकी नेतृत्वको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी)का सांसदले आफू जनताको प्रतिनिधि भएको भएकाले अन्तरराष्ट्रिय समुदायलाई निर्वाचित संसद् र सरकारलाई समर्थन गर्न आग्रह गरेका थिए ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले म्यान्मारका सन्दर्भमा अन्तरराष्ट्रिय समुदायलाई एकताबद्ध गराउन आफूले हरसम्भव प्रयास गर्ने बताउनु भएको छ । उहाँले म्यान्मारमा भएको सैनिक सत्ताविद्रोह फिर्ता गराउन उपयुक्त वातावरण तयार पार्ने पनि जनाउनु भएको छ ।

# कोरोनाबाट भारतमा शनिबार ७८ जनाको मृत्यु

नयाँदिल्ली, २५ माघ (रासस/सिन्ह्वा) ।

भारतमा शनिबार कोरोना भाइरसका सङ्क्रमणको कारण ७८ जनाको मृत्यु भएको छ । भारतमा धेरै समयपछि कोरोना भाइरस सङ्क्रमणको कारण एक दिनमा १०० भन्दा कम मानिसको मृत्यु भएको छ । गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ । सो दिनदेखि हालसम्म करिब ५८ लाख व्यक्तिले खोप लगाइसेकेका छन् ।

कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायःस्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ । यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या शनिबारसम्म एक करोड आठ लाख २६ हजारभन्दा बढी पुगेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा १२ हजार ५९ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड आठ लाख २६ हजार ३६४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतबार जनाएको छ ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ७८ जनाको मृत्यु भएपछि कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५४ हजार ९९६ जना पुगेको छ । मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड पाँच लाख २२ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ । हाल भारतमा एक लाख ४८ हजार ७६६ जना सक्रिय सङ्क्रमित रहेका छन् । भारतको राष्ट्रिय राजधानी दिल्लीमा शुक्रबार १२३ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र पाँच जनाको मृत्यु भएको छ । भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ८७७ को मृत्यु भइसकेको छ ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले शुक्रबारसम्म देशभरी २० करोड छ लाख ७२ हजारको हाराहारीमा नमुना परीक्षण गरेको छ । शनिबार एकै दिनमा मात्र सात लाख ४० हजार ७९४ व्यक्तिलाई कोभिड-१९ परीक्षण गरेका आइतबार जनाइएको छ ।

# बिराटनगर क्रिकेट क्लबद्वारा सप्तरी ११ पराजित



**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

बिराटनगर क्रिकेट एकेडेमी र सप्तरी ११ बिच शनिवार सम्पन्न मैत्रिपूर्ण एक दिवसिय क्रिकेटमा बिराट क्रिकेट एकेडेमीले सप्तरी ११ लाई २ बिकेटले पराजित गरेको छ ।

तिलाठि कोईलाडि गाउँपालिका अन्र्तगत बभनगामाकट्टी क्रिकेट मैदानमा सप्तरी ११ ले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गरेको थियो । निर्धारित ४० ओभरको खेलमा २२ ओभर १ बलमा सम्पुर्ण बिकेट गुमाई ९४ रनमै समेटिएको थियो ।

सस्तोमा समेटन बिराटनगरका बलर प्रशान्त साहले ६ ओभर १ बलम २० रन दिई महत्वपुर्ण ५ बिकेट लिएका थिए भने उनलाई श्रवण किशु २ तथा सुयोग कार्कि र खितिक कामतले १/१ बिकेट लिएका थिए । सप्तरी ११ का लागि मो. सकिमले २९, निरज यादव १५ तथा आशिष झाले १३ रनको योगदान दिएका थिए ।

९५ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको बिराटनगर क्रिकेट एकेडेमीले रोमान्चक तरिकाले १९ ओभरमा ८ बिकेट गुमाई उक्त लक्ष्य भेटाएका थिए । कुनै समय ७९ रनमै ८ बिकेट गुमाएका बिराटका लागि प्रशान्त साहले उत्कृष्ट ब्याटिंग गर्दै आफनो टिमलाई जित दिलाएका थिए ।

प्रशान्तले १० बलमा २ छक्काको मद्धतले नटआउट रहि २७ रनको योगदान दिएका थिए भने कपिल मण्डलले १३ रनको योगदान दिएका थिए । बलिंग तर्फ सप्तरी ११ का अजय यादवले ३ तथा असन जमाल र राज बर्माले क्रमशः २ र १ बिकेट लिएका थिए । खेलमा उत्कृष्ट प्रर्दशन गरे वापत बिराटनगर क्रिकेट एकेडेमीका प्रशान्त साह भएका थिए ।

# मैसापद्वारा नवननियुक्त अध्यक्षद्वयलाई बधाई

**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

प्रदेश २ सरकारले हाले सञ्चार क्षेत्रमा तीन जनालाई नियुक्त गरेको निर्णयप्रति मैथिली साहित्य परिषद् राजविराजले धन्यवादसहित नियुक्त भएकाहरुलाई बधाई दिएको छ ।

परिषद्का अध्यक्ष सतिश कुमार दत्तले शनिवार एक प्रेस विज्ञप्ति जारी गर्दै सप्तरी जिल्लावासी एवम् मैथिली साहित्य परिषदका कार्यासमितिका उपाध्यक्ष श्याम सुन्दर यादव प्रदेश आम सञ्चार प्राधिकरणको अध्यक्ष तथा आजीवन सदस्य शिवहरि प्रसाद भट्टराइ मिडिया काउन्सिलको अध्यक्ष जस्तो गरिमामय पदमा नियुक्त भएकोमो बधाइ दिएको हो ।

प्रदेश सरकारको यस निर्णयले परिषद अति खुशी एवम् गर्वको अनुभूति गरिरहेको भन्दै प्रेस विज्ञप्तिमा अगाडि भनिएको छ 'नव नियुक्त परिषदका आजीवन सदस्यद्वय भट्टराइ र यादव पत्रकारिता क्षेत्रको अनुभवले खारिएका व्यक्तित्व हुनुहुन्छ र वहाँहरुको कार्यकालमा पत्रकारिता क्षेत्रमा मैथिली भाषाको उच्चतम प्रयोग र काम हुनेमा परिषद्ले अपेक्षा राखेको छ ।'

यसैगरी प्रदेश नम्वर २ सरकारद्वारा लोक सञ्चार प्रवद्र्धन बोर्डको अध्यक्षमा सिरहा निवासी धर्मेन्द्र मोरवैता नियुक्त भएकोमा सफल कार्यकालको कामना गर्दै परिषद्ले प्रेस विज्ञप्तिमार्फत बधाइ ज्ञापन गरेको छ ।

# श्रोत नखुलेको ४९ लाख नेपाली रुपैयाँसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**बारा, २५ माघ ।**

श्रोत नखुलेको ४९ लाख नेपाली रुपैयाँसहित बारा प्रहरीले दुई जना पक्राउ गरेको छ ।

बाराको फेटा गाउँपालिका ५ जोतपुरमा चेकजाँचको क्रममा उक्त रकम बरामद भएको बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक गौतम मिश्रले जानकारी दिएका छन् ।

बाराको जोतपुरस्थित दशगजा क्षेत्रमा बिआर ०५ वाई ६५१७ नम्बरको भारतीय मोटरसाइकलमा नेपाल आउँदै गरेका मोटरसाइकल चालक भारत बिहारको मोतिहारी ग्राम पञ्चायत हरपुर घोडासहन बस्ने २६ वर्षीय अरविन्द महतो र पछाडी बस्ने १४ वर्षीय बालकलाई प्रहरीले पक्राउ गरेको उनले बताए ।

उनीहरुको साथबाट १ हजार दरको १ हजार २ सय २३ थान, ५ सय दरको ५ हजार ७ सय ४ थान, १ सय दरको १२ सय थान र ५० दरको १ सय थान गरी जम्मा ४९ लाख रुपैयाँ बरामद भएको छ ।

पक्राउ परेकाहरुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

***भरुवा बन्दुकसहित ...***

माझी र २२ वर्षिय रामस्वरुप मण्डललाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय रुपनीबाट खटेको गस्ती टोलीले बिशेष सुराकीको आधारमा उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर प्रसाद साहले जानकारी दिएका छन् । पक्राउ परेकाहरुलाई थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।


## र्दिक बधाई एवं शुभकामन




प्रदेश २ को मिडिया काउन्सिलको अध्यक्षमा शिवहरि प्रसाद भट्टराई र संचार प्राधिकरणको अध्यक्षमा श्यामसुन्दर यादव नियुक्त हुनुभएकोमा हार्दिक बधाईका साथ उहाँहरुको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछु ।

**अनिल कुमार अनल**
**सम्पादक**

राजविराज दैनिक








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*